# नेपाल कम्युनिष्ट पार्टी
# (एकीकृत मार्क्सवादी-लेनिनवादी)

## संघीय संसदीय दलको विधान,
## २०७७

## नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी), संघीय संसदीय दलको विधान, २०७७

प्रस्तावनाः

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित र स्वाभिमानको रक्षा गर्दै; लामो र बलिदानपूर्ण संघर्षबाट प्राप्त उपलब्धिहरुको रक्षा गर्दै; देशमा शान्ति, सुव्यवस्था र सुशासन कायम गरी सामाजिक सुरक्षा एवम् सामाजिक न्याय र समानता सहितको समाजवाद उन्मुख आर्थिक सामाजिक प्रणालीको विकास गर्दै समृद्ध नेपाल-सुखी नेपालीको राष्ट्रिय आकांक्षा साकार पार्न,

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) को फाँटबाट पुरा गर्नुपर्ने विधायिकी र शासकीय भूमिकालाई विकास र जनसेवाका माध्यमबाट प्रभावकारी ढंगले अघि बढाउँदै नेपालको संविधानले निर्दिष्ट गरेका उद्देश्य र लक्ष्यहरुलाई पुरा गर्दै शासकीय प्रणालीको रक्षा र प्रभावकारी कार्यान्वयनका लागि नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) संघीय संसदीय दलको कार्यप्रणालीलाई अनुशासित, व्यवस्थित, विधिवत् र प्रभावकारी बनाई सुसञ्चालन गर्न,

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को सिद्धान्त, नीति तथा कार्यक्रम एवम् विधानमा उल्लिखित उद्देश्यहरुलाई संवैधानिक मर्म र भावना अनुरुप कार्यान्वयन गर्न,

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को राष्ट्रिय महाधिवेशनले पारित गरेको नीति तथा कार्यक्रम एवम् दलको निर्वाचन

घोषणापत्र बमोजिम संसदीय दललाई क्रियाशील बनाई विधायिकी तथा शासकीय कार्यलाई जनमुखी र प्रभावकारी बनाउन र संघीय संसदमा क्रियाशील राजनीतिक दलहरूबीच पारस्परिक सहयोग र समझदारी बढाउन नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को संसदीय दलको बैठकले यो विधान तयार गरी लागू गरेको छ ।



## भाग–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो विधानको नाम "नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी), संसदीय दलको विधान, २०७७" रहनेछ ।

(२) यो विधान संसदीय दलले पारित गरी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) केन्द्रीय कमिटीले अनुमोदन गरेको मितिदेखि लागु हुनेछ ।

२. **कार्यालयः** संसदीय दलको कार्यालय दलले तोकेको स्थानमा रहनेछ ।

३. **परिभाषाः** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,

(क) पार्टी भन्नाले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) लाई सम्झनु पर्दछ ।

(ख) केन्द्रीय कमिटी भन्नाले नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी-लेनिनवादी) को केन्द्रीय कमिटीलाई सम्झनु पर्दछ ।

(ग) संसदीय दल वा दल भन्नाले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को संघीय संसदीय दललाई सम्झनु पर्दछ ।

(घ) विधान भन्नाले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत-मार्क्सवादी-लेनिनवादी) को संसदीय दलको विधान, २०७७ लाई सम्झनु पर्दछ ।

(ङ) नेता भन्नाले विधानको दफा ६ बमोजिम निर्वाचित संघीय संसदीय दलको नेतालाई सम्झनु पर्दछ ।

(च) बोर्ड भन्नाले विधानको दफा १४ बमोजिम गठित बोर्डलाई सम्झनु पर्दछ ।

(छ) समूह भन्नाले विधानको दफा १७ बमोजिम गठित विषयगत समूहलाई सम्झनु पर्दछ ।

(ज) सदस्य भन्नाले विधानको दफा २३ बमोजिम गठित संसदीय दलको सदस्य भन्ने सम्झनु पर्दछ ।

(झ) सचेतक भन्नाले दुवै सदनका संघीय संसदीय दलका मुख्य/प्रमुख सचेतक र सचेतक समेतलाई सम्झनु पर्दछ ।

(ञ) पदाधिकारी भन्नाले संघीय संसदीय दलका नेता, उपनेता, मुख्य/प्रमुख सचेतक, सचेतकलाई सम्झनु पर्दछ ।

(ट) मन्त्री भन्नाले उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री समेतलाई सम्झनु पर्दछ ।

(ठ) सांसद भन्नाले संघीय संसद अन्तर्गत प्रतिनिधिसभा र राष्ट्रियसभामा निर्वाचित तथा मनोनित संघीय संसदका सदस्यहरुलाई सम्झनुपर्दछ ।



## भाग–२

## संसदीय दल

४. **संसदीय दलको गठन:** (१) देहायका सांसदहरू संसदीय दलको सदस्य हुनेछन्:

(क) पार्टीको तर्फबाट प्रतिनिधिसभा र राष्ट्रियसभाका लागि निर्वाचित तथा मनोनित सांसदहरू,

(ख) विधानलाई स्वीकार गरी संसदीय दलको सदस्यता प्राप्त गर्ने अन्य सांसदहरू,

(ग) दल सरकारमा रहेको बखत नेपाल सरकार मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिबाट मनोनित भएका सांसदहरु,

तर अन्य दलसँग सहमति भई सिफारिस भएकाको हकमा सो सहमति बमोजिम हुनेछ।

(२) उपदफा १ को खण्ड (ख) मा उल्लिखित सांसदहरू बोर्डको सिफारिसमा केन्द्रीय कमिटीबाट अनुमोदन हुने गरी संसदीय दलको निर्णय बमोजिम दलको सदस्यता प्राप्त गर्नेछन् ।

५. <u>संसदीय दलको उद्देश्यः</u> संसदीय दलको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) नेपालको संविधानको प्रभावकारी कार्यान्वयन गरी संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत रुपमा बलियो बनाउने,

(ख) जनताको बहुदलीय जनवादको प्रकाशमा लोकतान्त्रिक मूल्य र मान्यतालाई देश र जनताको पक्षमा संस्थागत तथा सुदृढ गर्न क्रियाशील रहँदै संसदीय दललाई विधिसम्मत ढङ्गले सञ्चालन गर्ने र पार्टीको विधान र घोषणापत्रको अधीनमा रही विधायिकी कार्यलाई जनमुखी, जवाफदेही, जनअपेक्षित गराउन संघीय संसद सम्बन्धी काम कार्यबाहीलाई सुसंगठित, अनुशासित तथा प्रभावकारी तुल्याउने,

(ग) संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, समृद्ध नेपाल-सुखी नेपालीको राष्ट्रिय आकांक्षा पुरा गर्दै नेपाललाई सम्मुन्नत राष्ट्रमा स्तरोन्नति गर्ने ।



६. <u>संसदीय दलको नेताः</u> संसदीय दलको नेता सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) संघीय संसद अन्तर्गत प्रतिनिधिसभा सदस्यहरुले संघीय संसदीय दलको नेता चयन गर्नेछन् । दलको नेताले राष्ट्रियसभाको लागि दलको नेता चयन गर्नेछ ।

(ख) संसदीय दलद्वारा गठित निर्वाचन समितिले लोकतान्त्रिक विधिको आधारमा नेताको निर्वाचन गराउनेछ । निर्वाचनको क्रममा एक मात्र उम्मेदवार भएमा निर्विरोध घोषणा गरिनेछ तर एकभन्दा बढी उम्मेदवार भएमा संसदीय दलको नेता निर्वाचित हुनको लागि संसदीय दलको सम्पूर्ण सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्नुपर्ने छ । निर्वाचनमा कुनै पनि उम्मेद्वारले पचास प्रतिशतभन्दा बढी मत प्राप्त नगरेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई जना उम्मेद्वार बीच पचास प्रतिशत भन्दा बढी मत प्राप्त नभएसम्म पुनः निर्वाचन हुनेछ ।

(ग) निर्वाचन लोकतान्त्रिक विधि अनुरुप मतदानद्वारा हुनेछ र निर्वाचनको विधि र प्रक्रिया निर्वाचन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

७. <u>संघीय संसदीय दलको उपनेता:</u> संसदीय दलको नेताले प्रतिनिधि सभाका सदस्यहरुमध्येबाट दलको उपनेता तोक्नेछ ।

८. <u>राष्ट्रिय सभा संसदीय दलको नेता:</u> संसदीय दलको नेताले राष्ट्रिय सभालाई व्यवस्थित र सुचारु गर्न राष्ट्रिय सभा संसदीय दलको नेताको रुपमा राष्ट्रिय सभा सदस्यहरुमध्येबाट एक जना आफ्नो प्रतिनिधि तोक्नेछ ।

९. <u>संसदीय दलका सचेतक:</u> संसदीय दलका सदस्य मध्येबाट संसदीय दलको नेताले सम्बन्धित सदनबाट मुख्य/प्रमुख सचेतक तथा सचेतक चयन गर्नेछ ।

१०. <u>संसदीय दलको नेताको काम, कर्तव्य र अधिकार:</u> (१) संसदीय दलको नेताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) संसदीय दलको विधान र पार्टीको सिद्धान्त, नीति, कार्यक्रम अनुरुप दलको नेतृत्व गर्ने ।

(ख) दलको बैठक बोलाउने ।

(ग) संसदीय दल र बोर्डको बैठकको अध्यक्षता गर्ने ।

(घ) उपनेता, राष्ट्रिय सभामा दलका नेता, मुख्य/प्रमुख सचेतक र सचेतकको चयन गर्ने ।

(ङ) संसदीय दललाई व्यवस्थित, अनुशासित, गतिशील र प्रभावकारी बनाउने,

(च) पार्टी प्रतिपक्षको रुपमा रहँदा विपक्षी दलको नेताको रुपमा काम गर्ने।



(छ) पार्टी र संसदीय दल बीच समन्वय गर्ने ।

(ज) संसदीय दलको नीति र कार्यक्रमप्रति संघीय संसदमा क्रियाशील दलहरूबाट आवश्यक समर्थन र सहयोग जुटाउन पारस्परिक छलफल चलाउने र त्यसका लागि आवश्यक नेतृत्व गर्ने ।

(झ) नेपालको संविधान तथा यस विधानमा उल्लेखित अन्य काम गर्ने ।

(२) संसदीय दलको उपनेताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) दलको नेताको अनुपस्थितिमा दलको उपनेताले यस विधानको दफा १० बमोजिम दलको नेताले गर्ने भनी उल्लेख भएका कामहरू गर्ने ।

(ख) दलको नेतालाई आवश्यक सहयोग गर्ने ।

(ग) दलको नेताले तोकेका अन्य काम गर्ने ।

११. <u>संसदीय दलको बैठक:</u> संसदीय दलको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) संसदीय दलको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(ख) संघीय संसदको प्रत्येक अधिवेशनको प्रारम्भ र अन्तमा दलको बैठक अनिवार्य रुपमा बस्नेछ ।

(ग) संसदको अधिवेशन चलिरहेको अवस्थामा दलको बैठक कम्तिमा महिनाको एकपटक बोलाउनु पर्नेछ ।

(घ) संघीय संसद चलिरहेको अवस्थामा संसदीय दलको बैठक बस्न आवश्यक छ भनी विषय र कारण खुलाई दलको सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा पच्चीस प्रतिशत सदस्यहरूले दलको नेता समक्ष लिखित माग भएमा त्यस्तो माग भएको मितिले ७ दिनभित्र संसदीय दलको बैठक बोलाउनु पर्नेछ ।

(ङ) संसदीय दलको बैठक बस्ने स्थान, मिति, समय तथा कार्यसूचीको बारेमा उपयुक्त माध्यम मार्फत सम्पूर्ण सदस्यहरूलाई पूर्व जानकारी दिनुपर्नेछ ।

(च) संसदीय दलको बैठक दलको नेताले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

१२. <u>आमन्त्रित सदस्यको सहभागिता:</u> संसदीय दलको बैठकमा पार्टीका नेता, मन्त्री तथा आवश्यकता अनुसार अन्य व्यक्तिहरूलाई आमन्त्रण गर्न सकिनेछ । तर आमन्त्रित सदस्यहरूलाई मतदान गर्ने अधिकार हुनेछैन ।

१३. <u>संसदीय दलको काम, कर्तव्य र अधिकार:</u> संसदीय दलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) संसदीय दलको नेताको निर्वाचन गर्ने ।



(ख) विधान बमोजिम बोर्डको गठन गर्ने एवम् आवश्यक निर्देशन दिने ।

(ग) जनसरोकार र समसामयिक विषयमा पार्टीलाई सुझाव दिने ।

(घ) समसामयिक राजनीति लगायत अन्य विषयमा दलको धारणा बनाउने, निर्णय गर्ने र कार्यान्वयन गर्न पहल गर्ने ।

(ङ) पार्टीको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने, गराउने र आवश्यकताअनुसार पार्टी समक्ष सुझाव प्रस्तुत गर्ने ।

(च) संघीय संसद संचालन सम्बन्धी नियमावलीहरु बमोजिमका काम, कर्तव्य र अधिकारहरूको प्रयोग गर्ने ।

(छ) कानुन निर्माणको सन्दर्भमा आएका विभिन्न विषयमा पार्टिको नीति र निर्णय अनुरुप दलको धारणा बनाउने र लागू गर्ने ।

(ज) संघीय संसदभित्रका काम कार्वाही ठीक ढङ्गले सञ्चालन भए-नभएको अनुगमन तथा मुल्यांकन गरी अपेक्षित सुधारका लागि रचनात्मक र सकारात्मक सुझाव दिने ।



Scanned with CamScanner

(झ) पार्टी सरकारमा भएको वेला सरकार र मन्त्रीहरूको कामको समीक्षा गर्ने र आवश्यक निर्देशन दिने, पार्टी सरकारमा नभएको बेला सरकारका काम कार्यबाहीहरुको गुण र दोषका आधारमा समर्थन र विरोध गर्ने ।

(ञ) यस विधान बमोजिम गरिने निर्वाचन प्रयोजनको लागि निर्वाचन समिति गठन गर्ने ।

(ट) विधान बमोजिमका प्रावधानहरु कार्यान्वयन भए नभएको अनुगमन गर्ने र आवश्यकता अनुसार विधान संशोधन गर्ने ।

(ठ) दलको नेताले संसदीय दलको उपनेता, राष्ट्रिय सभामा संसदीय दलको नेताको प्रतिनिधि, मुख्य/प्रमुख सचेतक र सचेतक आवश्यकता अनुसार हेरफेर गर्नेछ ।



## भाग-३

## बोर्ड

१४. बोर्डको गठनः (१) संसदीय दलको कामलाई व्यवस्थित गर्नको लागि संसदीय दलभित्रका सदस्यहरू मध्येबाट २९ सदस्यीय एक बोर्ड गठन गरिनेछ ।बोर्डको सञ्चालन र सदस्यहरू देहाय बमोजिम हुनेछन्ः

(क) संसदीय दलको नेता बोर्डको अध्यक्ष हुनेछन् ।

(ख) संघीय संसद अन्तर्गत प्रतिनिधि सभा संसदीय दलको नेता, उपनेता, मुख्य/प्रमुख सचेतक र सचेतक र राष्ट्रिय सभामा संसदीय दलको नेताको प्रतिनिधि र सचेतक बोर्डको पदेन सदस्य हुनेछन् ।

(ग) बोर्डमा रहने ४ जना महिला सदस्यहरू सहित ८ जना सदस्यहरू संसदीय दलद्वारा निर्वाचित हुनेछन् ।

(घ) बोर्डमा सम्बन्धित प्रदेशका सदस्यहरूमध्येबाट एक प्रदेशबाट एकजनाका दरले निर्वाचित ७ जना प्रादेशिक प्रतिनिधिहरू सदस्य हुनेछन् ।

(ङ) समावेशी प्रतिनिधित्वको आधारमा ५ जना सदस्यहरू संसदीय दलबाट निर्वाचित हुनेछन् ।

[illegible]

(च) बोर्ड सदस्यमा बढी मत प्राप्त गर्ने उम्मेदवारहरू क्रमशः निर्वाचित हुनेछ ।

(२) बोर्डले एक महिला सहित तीन जना सदस्यहरू मनोनीत गर्नेछ ।

१५. <u>बोर्डको बैठक:</u> बार्डको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) बोर्डको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(ख) बैठकमा पार्टीका नेता र मन्त्री लगायत आवश्यक व्यक्तिहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) संसदीय बोर्डको सचिवको रुपमा संसदीय दलको मुख्य/प्रमुख सचेतकले काम गर्नेछ ।

१६. <u>बोर्डको काम, कर्तव्य र अधिकार:</u> बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) संसदीय दलको निर्णय कार्यन्वयन गर्ने,

(ख) आवश्यकता र औचित्यताका आधारमा विषयगत समूहहरु निर्माण गरी गतिशिल र क्रियाशील वनाउने,

(ग) सदस्यहरूको भूमिकाको निरन्तर अनुगमन तथा मूल्याङ्कन गरी रुची, योग्यता र क्षमतामा आधारमा जिम्मेवारी दिने,



(घ) संघीय संसदका काम कार्यबाहीहरूलाई निरन्तर सुपरिवेक्षण गरी आवश्यक सुधारका लागि पहल गर्ने,

(ङ) सदस्यहरूलाई समिति, कार्यदल र प्रतिनिधि मण्डल लगायतका विभिन्न कार्यको लागि मनोनीत र हेरफेर गर्ने,

(च) मन्त्रीहरूलाई बैठकमा आमन्त्रण गर्ने र आवश्यक निर्देशन दिने ।

(छ) संविधान र पार्टीको विधानबमोजिम संसदीय दलले निर्धारण गरेका अन्य कार्यहरू गर्ने,

(ज) दलभित्र अनुशासन कायम राख्न आवश्यकता अनुसार अनुशासन समितिको गठन गर्नसक्ने,

(झ) विधान बमोजिमको जिम्मेवारी पूरा गर्ने,

(ञ) आवश्यकता अनुसार विधान संशोधनका लागि संसदीय दल समक्ष प्रस्ताव प्रस्तुत गर्ने,

## भाग–४

## विषयगत समूह

१७. **विषयगत समूहको गठन:** विषयगत समूहको गठन देहाय बमोजिम हुनेछ:-

(क) बोर्डले आवश्यकता अनुसार संसदीय दलभित्र संयोजक र सदस्यहरू रहेका विषयगत समूहहरू बनाउने छ ।

(ख) संसदीय दलभित्र समूह विभाजन गर्दा संलग्न समिति र सदस्यहरूको रुची, अनुभव र विशेषज्ञतालाई ध्यान दिइनेछ ।

१८. **समूहको काम, कर्तव्य र अधिकार:** समूहको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) तोकिएको कार्य क्षेत्रको काम व्यवस्थित गर्ने,

(ख) सम्बन्धित विषयका सम्बन्धमा आवश्यक तयारी गर्ने,

(ग) सम्बद्ध विषयमा संसदीय दल र सदस्यहरूलाई प्रभावकारी बनाउन आवश्यक कार्य गर्ने,

(घ) दलका सदस्यहरूद्वारा प्रस्तुत हुने विषय दलको दृष्टिकोण अनुरुप भए नभएको विश्लेषण गर्ने र पार्टीको दृष्टिकोण अनुरुप नभए आवश्यकता अनुरुप सचेत गराउने,



(ङ) संघीय संसद भित्र वा बाहिर जनसरोकार र राष्ट्रिय हितका विषयहरूमा अन्य दलहरूको अडान तथा काम कार्यवाहीहरूको बारेमा अध्ययन गर्ने र उपयुक्त निष्कर्षमा पुग्न बोर्डलाई सुझाव दिने ।

१९. **समूहको बैठक:** समूहको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:-

(क) समूहको बैठक समूह संयोजकको अध्यक्षतामा कम्तीमा १५ दिनमा एक पटक बस्नेछ ।

(ख) समूहको बैठक समूह संयोजकले बोलाउनेछ ।

(ग) सम्बन्धित समूहका सदस्यहरूले विषय केन्द्रित बैठकको माग गर्नसक्ने छन् ।

## भाग–५

## मुख्य/प्रमुख सचेतक, सचेतक

२०. मुख्य/प्रमुख सचेतकको काम, कर्तव्य र अधिकारः मुख्य/प्रमुख सचेतकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सम्बन्धित सदनको बैठक वा दुवै सदनको संयुक्त बैठकमा मतदान गर्नुपर्ने विषयमा दलको नेताको निर्देशन बमोजिम आदेश (ह्विप) जारी गर्ने,

(ख) संसदीय दलको तर्फबाट कुनै विषयमा नीति वा विचार व्यक्त गर्नुपर्दा संसदीय दलका नेताको निर्देशन बमोजिम सदस्यहरुलाई निर्देश गर्ने,

(ग) आदेश (ह्विप) को पालना कडाईका साथ गराउने र कार्यान्वयन भए-नभएको हेरी नभएको पाइएमा आवश्यक कारवाहिका लागि बोर्ड समक्ष सिफारिस गर्ने,

(घ) संघीय संसदमा प्रस्तुत हुने विषय सम्बन्धमा संसदीय दलका सदस्यहरूलाई जानकारी गराउने,

(ङ) संघीय संसदमा सदस्यहरुबाट निर्वाह गरिनुपर्ने भूमिकाका बारेमा बोर्डले गरेका निर्णय सम्बन्धमा संसदीय दलका सदस्यहरुलाई जानकारी गराउने,



(च) संघीय संसदका सदस्यहरुवीच कार्यविभाजन र समन्वय गरी दलको भूमिकालाई संसदमा प्रभावकारी तुल्याउने,

(छ) संसदीय दलको पक्षमा सहयोग र समर्थन जुटाउन प्रभावकारी भूमिका निर्वाह गर्ने,

(ज) संघीय संसदमा क्रियाशील दल वा सांसदहरूसँग समझदारीपूर्ण र सन्तुलित सम्बन्ध कायम गर्ने,

(झ) संघीय संसदको छलफलमा दलीय आधारमा सहभागिता गराउनु पर्ने भएमा सहभागी सदस्यहरूको चयन गर्ने,

(ञ) सदस्यहरूद्वारा संघीय संसदमा प्रस्तुत गर्ने संविधान एवम् कानुन संशोधनसम्बन्धी प्रस्ताव तथा कानुन मस्यौदासम्बन्धी प्रस्ताव, प्रश्न, ध्यानाकर्षण, सार्वजनिक महत्वको प्रस्ताव, सङ्कल्प प्रस्ताव पेश गर्ने अनुमति दिने र नीति विपरीत भएका प्रस्ताव फिर्ता लिन निर्देशन दिने,

(ट) संघीय संसदमा दलले प्राप्त गर्ने समय सदस्यहरूलाई बाडफाँड गर्ने,

(ठ) संघीय संसद अन्तर्गतका प्रतिनिधि सभा र राष्ट्रिय सभा सञ्चालनको सम्बन्धमा क्रमशः सभामुख र

अध्यक्षसँग परामर्श गर्ने र आवश्यक निर्णय लिने,

(ड) नेताको निर्देशनमा दलको बैठक बोलाउने र सञ्चालन गर्ने,

(ढ) दलको नेताबाट प्राप्त अन्य निर्देशन पालना गर्ने,

(ण) संघीय संसदमा निर्णयार्थ प्रस्तुत विषयमा दलको नेताको निर्देशन अनुरुप सदस्यहरूलाई निर्देशन जारी गर्ने,

(त) सांसदहरूको क्षमता र दक्षता अभिवृद्धिका लागि आवश्यक प्रशिक्षण/तालीम/सेमिनार इत्यादिको आवश्यक व्यवस्था गर्ने,

(थ) सचेतकलाई आवश्यक कामको जिम्मेवारी दिने,

(द) विधान बमोजिम बोर्डको बैठक बस्ने सूचना गर्ने,

(ध) बोर्ड तथा संसदीय दलको बैठकमा भएका छलफल तथा निर्णयको अभिलेख राख्ने,

(न) संसदीय दलको कार्यालय व्यवस्थित गर्ने,

(प) बोर्डको बैठक सञ्चालन गर्ने,

(फ) दलको र बोर्डका निर्णय कार्यान्वयन गर्न आवश्यक काम गर्ने,



(ब) पार्टी सरकारमा भएको बेला दलको निर्णय सरकार तथा मन्त्रीहरूलाई जानकारी गराई कार्यान्वयनमा पहल गर्ने,

(भ) विधान र संघीय संसद अन्तर्गतका नियमावलीहरुले तोकेका अन्य कार्य गर्ने ।

२१. <u>सचेतकको काम, कर्तव्य र अधिकार:</u> सचेतकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दलका मुख्य/प्रमुख सचेतकलाई सहयोग गर्ने,

(ख) मुख्य/प्रमुख सचेतकको अनुपस्थितिमा विधानको दफा २० बमोजिम सम्पूर्ण कामहरू गर्ने ।

२२. <u>सदस्यहरूको काम, कर्तव्य र अधिकार:</u> सदस्यहरुको काम कर्तव्य र अधिकार देहाय वेमाजिम हुनेछः-

(क) दलका नेता, उपनेता र बोर्डको सदस्यको निर्वाचनमा उम्मेद्वार हुने तथा मताधिकारको प्रयोग गर्ने,

(ख) दलको बैठकमा सक्रिय रुपमा भाग लिने र दलले दिएको निर्देशन वा आदेश (ह्वीप) पालना गर्ने,

(ग) पार्टी तथा दलको निर्णय कार्यान्वयनको लागि सक्रिय रहने,

(घ) पार्टी तथा दललाई आवश्यक सुझाव दिने,

(ङ) पार्टी सरकारमा रहेको बेला जनप्रिय र जनमुखी कार्यहरु गर्न सरकार तथा मन्त्रीहरुलाई आवश्यक सुझाव दिने,

(च) दलको विधान, आचारसंहिता र निर्णयहरु इमान्दारीपूर्वक पालना र कार्यान्वयन गर्ने दायित्व पूरा गर्नुपर्ने,

(छ) राजनीतिक घोषणापत्रमा उल्लेखित विषय कार्यान्वयनको लागि सदैव क्रियाशील रहने,

(ज) संघीय संसदका सदस्यहरुले सामाजिक शिष्टचार र सहिष्णुतामा नकारात्मक असर पुग्ने वा लिंग, वर्ग, जातजाति, धर्म, शारीरिक वा मानसिक अवस्था आदिको आधारमा कसैको आत्मसम्मानमा चोट पुग्ने गरी कुनै व्यवहार, चालचलन, धारणा र दृष्टिकोण बनाउन वा अभिव्यक्ति दिन नहुने,

(झ) निर्वाचन क्षेत्र तथा देशका जनताको सरोकार र विकासका सवालहरुमा सदैव सजग, क्रियाशील र उत्तरदायी रहने ।



## भाग–६

## संसदीय दलको अनुशासन

२३. **संसदीय दलका सदस्यको अनुशासन:** १) संसदीय दलका सदस्यहरूले अनुशासन सम्बन्धी देहायका कुराहरु विना शर्त पालना गर्नु पर्नेछः

(क) संसद भित्रका काम कार्यबाहीहरूमा दलको नेता वा सचेतकले दिएको लिखित वा मौखिक निर्देशन वा आदेश (ह्वीप) अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

(ख) पार्टीको नीति, निर्देशन र संसदीय दलको निर्णय र आचार संहिताको पालना गर्नु पर्नेछ ।

(ग) विधान विपरीत कार्य गर्नु हुँदैन ।

(घ) संसद चलिरहेको अवधिमा दलका नेता वा सचेतकलाई पूर्व सूचना नदिई संसदमा अनुपस्थित रहनु हुँदैन ।

(ङ) संसदमा दलको निर्णयको पक्षमा क्रियाशील रहनु पर्दछ र निर्णयको पक्षमा मतदान गर्नुपर्छ ।

(च) संसद समक्ष आफ्नो तर्फबाट पेश गर्ने जरुरी सार्वजनिक महत्वको प्रस्ताव, सङ्कल्प, विधेयक माथिको संशोधन र गैर सरकारी विधेयकको प्रतिलिपी सहितको सूचना सदस्यहरूले अनिवार्य

रुपमा मुख्य/प्रमुख सचेतक वा सचेतकलाई दिनुपर्ने छ ।

(छ) संसदमा पेश गरिने कुनै प्रस्ताव वा संशोधन सभामा प्रस्तुत गर्नु अघि दलको नेता वा प्रमुख सचेतकसँग परामर्श गरी मात्र प्रस्तुत गर्नु पर्दछ ।

(ज) पार्टी, बोर्ड वा संसदीय दल समक्ष विचाराधीन कुनै विषय वा निर्णय भईसकेको कुनै विषयलाई लिएर दलमा छलफल गर्न सकिनेछ । तर निर्णय भईसकेको विषयमा पुनः छलफल गर्नु परेमा बोर्डको अनुमति आवश्यक पर्नेछ ।

(झ) प्रचलित कानून बमोजिम सम्पत्ति विवरण अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

२४. <u>निर्देशन जारी गर्ने</u>: (१) संसदीय दलका सदस्यहरूलाई उपदफा (३) का कुनै पनि तरिकाबाट निर्देशन वा आदेश (व्हीप) जारी गरिनेछ । त्यसलाई पालना गर्नु संसदीय दलका सबै सदस्यको कर्तव्य हुनेछ ।

(२) संघीय संसदसँग सम्वन्धित कुनै पनि विषयको हकमा दलका नेताबाट आफैं वा मुख्य/प्रमुख सचेतक मार्फत निर्देशन वा आदेश (व्हीप) जारी गरिनेछ ।

(३) निर्देशन आदेश (व्हीप) जारी गर्दा देहायका तरिकाहरू अवलम्बन गरिनेछ:



(क) संसदीय दलको सभा कक्षमा भेला गरी दलको नेता, प्रमुख सचेतक वा सचेतकद्वारा सूचित गरेर ।

(ख) दलको नेता वा प्रमुख सचेतकको तर्फबाट लिखित निर्देशन दिएर, वा

(ग) अन्य कुनै तरिका प्रयोग गरेर ।

२५. <u>अनुशासनको कारबाही र सजाय</u>: (१) विधानको दफा २५ बमोजिम जारी गरिएको निर्देशन वा आदेश (व्हीप) उलङ्घन गर्नेलाई दलका नेताले वा नेताको निर्देशनमा मुख्य/प्रमुख सचेतकले स्पष्टीकरण सोध्न सक्नेछ र स्पष्टीकरण बोर्ड बैठकमा पेश गरिनेछ र बोर्डले आवश्यक कारवाही अगाडि बढाउनेछ ।

(२) अनुशासनको कारवाही गर्नु भन्दा अगाडि सम्वन्धित सदस्यलाई सफाई पेश गर्ने मनासिब मौका दिईनेछ ।

(३) अनुशासन उलघंनको प्रकृति हेरी देहाय बमोजिमको कारबाही गर्न सकिनेछ:

(क) नसिहत दिने ।

(ख) संसदीय दलको तर्फबाट सदनको क्रियाकलापमा भाग लिनबाट निश्चित समयको लागि बञ्चित गर्ने ।

(ग) संसदीय दलको तर्फबाट समिति, कार्यदल, प्रतिनिधि मण्डल आदिमा प्रतिनिधित्व गर्नबाट निश्चित

समयको लागि बञ्चित गर्ने र प्रतिनिधित्व गराई सकिएकोमा फिर्ता गर्ने ।

(घ) संसदीय दलको सदस्यता निश्चित अवधीको लागि निलम्बन गर्ने ।

(ङ) संसदीय दलको सदस्यता समाप्त गर्नुपर्ने अवस्थामा सोको लागि पार्टी केन्द्रीय कमिटीमा सिफारिस गर्ने ।

(४) उपदफा (३) को (क), (ख), (ग) तथा (घ) सम्बन्धी कारवाही गर्ने अधिकार संसदीय बोर्डलाई हुनेछ ।

(५) उपदफा (३) को (क), (ख), (ग) तथा (घ) बमोजिम कारबाही गरिएको सम्वन्धमा पार्टीलाई जानकारी दिनुपर्नेछ र उपदफा (३) (ङ) बमोजिमको कारबाही गर्न पार्टीको केन्द्रीय कमिटीलाई सिफारिस गर्नुपर्नेछ ।

(६) पर्खिएर कारबाहीको नियमित प्रक्रियातर्फ जाँदा तत्काल पार्टी वा संसदीय दललाई ठूलो हानी हुने अवस्था महसुस भएमा दलको नेताले कुनै पनि सदस्यलाई ६ महिनामा नबढ्ने गरी तत्काल दलको सदस्यताबाट निलम्बन गर्न सक्नेछ ।

तर दलको नेताको यस्तो निर्णय त्यसपछि बस्ने बोर्ड वा संसदीय दलको बैठक जुन पहिला बस्छ, त्यसमा अनुमोदनका लागि पेश गर्नु पर्नेछ ।



## भाग–७

## विश्वास र अविश्वासको मत

२६. विश्वासको मतः (१) संसदीय दलको नेताले आफ्नो कार्यकाल भित्र कुनै पनि बखत आफुमाथि संसदीय दलको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक वा उपयुक्त ठानेमा विश्वासको मतको लागि संसदीय दल समक्ष प्रस्ताव राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव प्रस्तुत गर्न नेताले दलको उपनेतालाई लिखित रुपमा पूर्व सूचना दिनुपर्नेछ ।

(३) लिखित सूचना प्राप्त भएपछि उपनेताले पन्ध्र दिनभित्र बैठक बोलाउन मुख्य/प्रमुख सचेतकलाई निर्देशन दिनेछ ।

(४) उपदफा (१) बमोजिमका प्रस्तावहरूसम्बन्धी निर्णय संसदीय दलको सम्पूर्ण सदस्य सङ्ख्याको बहुमतबाट हुनेछ ।

२७. अविश्वासको मतः (१) संसदीय दलको सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा १ चौथाई सदस्यहरुले दलको नेतामाथि दलको विश्वास छैन भनी लिखित रुपमा अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव सहितको लिखित पूर्व सूचना संसदीय दलको उपनेतालाई दिनुपर्नेछ ।

(३) लिखित सूचना प्राप्त भएपछि नेता वा उपनेताले १५ दिन भित्र बैठक बोलाउन मुख्य/प्रमुख सचेतकलाई निर्देशन दिनेछ।

(४) उपदफा (१) बमोजिमको प्रस्तावको निर्णय संसदीय दलको प्रतिनिधि सभाको सम्पूर्ण सदस्य सङ्ख्याको बहुमतबाट हुनेछ ।

(५) अविश्वासको प्रस्ताव एक बर्षमा एक पटक मात्र राख्न सकिनेछ ।



## भाग-८

## विविध

२८. <u>विधान संशोधनः</u> (१) विधान संशोधनको लागि दल वा बोर्डको बैठकले तोकेको कमिटीले लिखित प्रस्ताव तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव पूर्वसूचनाको साथ सम्पूर्ण सदस्यहरूको जानकारीको लागि प्रेषित गरिएको हुनुपर्नेछ ।

(३) संसदीय दलका कम्तीमा बहुमत सदस्यहरुको उपस्थितिमा बसेको बैठकमा दुई तिहाई सदस्यको बहुमतले विधानलाई पारित वा संशोधन गर्नसक्नेछ ।

२९. <u>विधानको व्याख्या र बाधा अड्काउः</u> विधानको कार्यन्वयनमा कुनै बाधा अड्काउ परेमा संसदीय दलका नेताले त्यस्तो बाधा अड्काउ फुकाउ आदेश जारी गर्नसक्नेछ । यस्तो आदेश विधानको व्यवस्था सरह लागु हुनेछ । तर त्यस्तो आदेश जारी भएपछि बस्ने संसदीय दल वा बोर्डको बैठक जुन पहिले बस्छ त्यस बैठकमा अनुमोदनका लागि पेश गर्नु पर्नेछ ।

३०. <u>उत्तरदायित्वः</u> पार्टी सरकारमा भएको बेला प्रधानमन्त्री दलप्रति उत्तरदायी हुनु पर्नेछ र मन्त्रीहरू प्रधानमन्त्री र दलप्रति उत्तरदायी हुनुपर्नेछ ।

३१. <u>गणपुरक सङ्ख्या र निर्णयः</u> यस विधानमा व्यवस्था भएकोमा बाहेक बोर्ड, समूह र संसदीय दलको बैठकको गणपुरक सङ्ख्या कम्तीमा ५० प्रतिशतभन्दा बढी हुनेछ । गणपुरक सङ्ख्या पुगी प्रारम्भ

भएको बैठकमा उपस्थित सदस्यहरुको बहुमतबाट निर्णय गरिनेछ ।

३२. <u>दलको प्रतिक चिन्ह र छापः</u> दलको लोगो र छाप देहाय बमोजिम हुनेछः

(क) ने.क.पा (एमाले) संसदीय दलको प्रतिक चिन्हमा दलको नाम र चुनाव चिन्ह सूर्य समावेश हुनेछ ।

(ख) संसदीय दलको छापको रूपमा दलको नाम र चुनाव चिन्ह सूर्य समावेश भएको छाप प्रयोग हुनेछ ।छापको डिजाइन तोकीए अनुसार हुनेछ ।

३३. <u>खारेजी र बचाउः</u> (१) यो विधान लागु हुनु अघि संसदीय दलले गरेका सबै काम कार्यबाही यसै विधान बमोजिम भए गरेको मानिनेछ ।

(२) यो विधान लागू हुँदाका बखत कायम रहेका पदाधिकारीहरू अर्को व्यवस्थानभएसम्म कायम रहनेछन् ।

(३) नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माक्र्सवादी–लेनीनवादी) संसदीय दलको विधान, २०७२ खारेज गरिएको छ ।